# भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# भजनी, कैलाली
## सुदुरपश्चिम प्रदेश, नेपाल

प.स. :- (प्रशासन)२०७७/०७८

च.न. :-

## कानुन अधिकृत (छैठौ )करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना ।

**(प्रथम पटक प्रकाशित मिति:- २०७७/०५/२९)**

प्रस्तुत विषयमा यस कार्यालयमा आवश्यक कानुन अधिकृत करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिम विवरण सहित यस कार्यालयमा दरखास्त दिन हुन अनुरोध गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०२/०७७/०७८ | कानुन अधिकृत | छैठौ | १(एक) |

१.पाठ्यक्रम :- लोकसेवा आयोगले स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ छैठौ तह ,अधिकृत (न्याय सेवा, कानुन समुह ) पदको प्रतियोगितात्मक परीक्षाको लागि तयार गरे अनुसार ।

२. परीक्षाको किसिम:- लिखित र अन्तर्वार्ता

३.दरखास्त दस्तुर :- रु. १,०००।- (एक हजार) भजनी नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय .बाणिज्य बैंक भजनीको खाता नं. ४१५०१००३०१०१०००२ मा राजश्व तिरेको सक्कलै भौचर दरखास्त साथ पेश गर्ने ।

४. शैक्षिक योग्यता :- नेपाल न्याय सेवा (न्याय, कानून, सरकारी वकिल समूह) को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण भएको ।

५. पेश गर्नुपर्ने कागजातहरु :- नेपाली नागरिकताको प्रतिलिपि शैक्षिक योग्यताको प्रमाणपत्रका साथै समकक्षता आवश्यक पर्नेको हकमा मान्यता प्राप्त विश्वविद्यालयले प्रमाणित गरेको हुनुपर्ने छ ।

६. दरखास्त दिने अन्तिम मिति :- २०७७/६/१२ सम्म ।

७. सम्पर्क मिति :- २०७७/०६/१५

८. उम्मेदवारको उमेरको हद :- २०७७/०५/२९ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

९. लिखित परीक्षा र परिक्षाको स्थान :- सम्पर्क मितिको दिन तय गरिनेछ ।

१०. तलबः- प्रचलित कानून बमोजिम ।

११. करार सेवा अवधि :- २०७८आषाढ मसान्त सम्म

१२. अपाङ्गका हकमा समाज कल्याण परिषबाट वा न.पा./गा.पा.ले जारी गरेको अपाङ्गता परिचयपत्र,

**द्रष्टव्य**

क) नगरपालिकाद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

ख) दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । बिदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

ग) पाठ्यक्रम र दरखास्त फाराम भजनी नगरपालिकाको वेबसाइट www.bhajanimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(हरिराम चौधरी)

निमित्त प्रमुख प्रशासकीय अधिकृत